# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## सुपरिवेक्षण तथा अनुसन्धान विभाग

प.सं : ३६०६
च.नं : ९

मिति : २०७६।५।२६

सुपरिवेक्षण तथा अनुसन्धान विभाग
(धितोपत्र बजार, सिडिएस तथा
कोष सुपरीवेक्षण महाशाखा)

श्री नेपाल स्टक एस्क्चेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौं ।

**विषयः विभिन्न निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा यस बोर्डले आर्थिक वर्ष २०७४।७५ मा दिएको निर्देशन तथा मुद्रा तथा पूँजी बजारमा देखिएका प्रबृत्तिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि स्रोत व्यवस्थापन सम्बन्धी सुझाव समितिले कार्यान्वयन गर्ने सम्बन्धमा दिइएको सुझावहरुका साथै कार्यान्वयन नभएका निर्देशनमध्ये देहायको विषयमा भएको प्रगतिको पछिल्लो स्थितिको विवरण यो पत्र प्राप्त भएको मितिले ७ दिन भित्र बोर्डलाई उपलब्ध गराईदिन हुन अनुरोध गर्दछु ।

१. तोकिएको मापदण्ड पूरा गर्ने बाणिज्य बैंकहरुलाई सहायक कम्पनीमार्फत शेयर खरीद बिक्री गर्न पाउने गरी ब्रोकर लाइसेन्स दिने तथा संघीय संरचना अनुसार प्रदेशहरुमा आर्थिक रुपमा सक्रिय जिल्ला/स्थानहरुमा (काठमाडौं बाहेक) स्थानीय स्तरमा ब्रोकर लाइसेन्स दिने सम्बन्धमा ।
२. धितोपत्र बजारका लगानीकर्ताहरुको हित संरक्षण कोष (Investors Protection Fund) स्थापना गर्ने र धितोपत्र बजारका लगानीकर्ताहरुको हित संरक्षणको लागि विद्यमान कानुनी व्यवस्थमा सुधार गर्ने सम्बन्धमा,
३. कर्मचारी संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष तथा धितोपत्र व्यवसायीहरुलाई सेक्युरिटिज डिलरलाई प्रवेश गराउन सम्बन्धमा अध्ययन गरी बोर्डमा सिफारिश गर्ने सम्बन्धमा ।
४. ओटीसी बजारलाई गतिशील बनाउन प्रविधिमैत्री बनाई संचालन गर्ने सम्बन्धमा ।
५. स्वचालित कारोबार प्रणाली (NOTS) लाई बैंक र सिडिएसएलको प्रणालीमा पूर्ण रुपमा आवश्यक गरी संचालन गर्ने तथा NOTS मा देखिएका समस्याहरुको सम्बन्धमा बोर्डले गरेको अध्ययन प्रतिवेदनको आधारमा समाधान गर्नुपर्ने सम्बन्धमा ।
६. System Audit मा समावेश गर्न उपयुक्त हुने मापदण्डहरु सम्बन्धमा ।
७. भौतिक रुपमा न्यूनतम कित्ता ग्रहण गरेका लगानीकर्ताहरुको शेयर कारोबार गरी अभौतिकरण गर्ने सम्बन्धमा ।
८. धितोपत्र दलाल व्यवसायीहरुको लागि सुपरीवेक्षण सम्बन्धी कार्यविधिलाई अन्तिम रुप दिई कार्यान्वयन गर्ने सम्बन्धमा ।

(अन्जु महतो)
निर्देशक

बोधार्थ
श्रीमान् अध्यज्यूको कार्यालय
नेपाल धितोपत्र बोर्ड
श्री नियमन तथा व्यवस्थापन विभाग
नेपाल धितोपत्र बोर्ड